# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np


## आठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७७/०९/०६ गते बसेको ४२औं बैठकको निर्णयानुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम उक्त सभामा शेयरधनी महानुभावको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभाहुने मिति** : २०७७ साल पुष महिना २९ गते बुधबार ।
**सभा शुरु हुने समय** : अपरान्ह २:०० बजे ।
**सभाहुने स्थान** : कम्पनीको रजिष्ट्रर्ड कार्यालय, महाराजगञ्ज, काठमाण्डौं ।

***(विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ (COVID-19) बाट हुन सक्ने संक्रमण तथा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी अपनाउनु पर्ने मापडण्डलाई मध्य नजर गरी Virtual रुपमा Zoom Video Conference मार्फत सहभागी हुन अनुरोध गरिन्छ ।)***

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको आ.ब. २०७६/७७ को बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक बर्ष २०७७/०७८ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

**ख. विविध सम्बन्धमा ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभामा Zoom Video Conference मार्फत सभामा उपस्थिति जनाउन तथा मन्तव्य राख्न शेयरधनीहरु आफै वा प्रतिनिधिहरुले ४८ घण्टा अगाडी नै कम्पनीको इमेल ठेगाना hpphydro.agm@gmail.com मा वा संस्थाको टेलिफोन ०१४००२८०१ मा सम्पर्क गरी आफ्नो नाम, DMAT नम्बर, इमेल ठेगाना वा मोबाइल नम्बर टिपाउन हुन अनुरोध छ । सोही ठेगाना मार्फत शेयरधनी महानुभावहरुलाइ virtual meeting मा Join हुने Meeting ID / password link पठाईने व्यहोरा अनुरोध छ ।
२. सभा शुरु हुनु भन्दा १ घण्टा अगाडी Zoom Video Conference खुल्ला गरिनेछ । आफूले प्राप्त गरेको virtual meeting join गर्ने link मा थिचि सभामा भाग लिन सकिने छ ।
३. कम्पनीको साधारण सभाको सूचना, वार्षिक प्रतिबेदन, वित्तिय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.hpp.com.np हेर्न र डाउनलोड गर्न सक्नु हुनेछ ।
४. साधारण सभा प्रयोजनको लागि मिति २०७७ साल पुष १६ गते शेयर दाखिल खारेज बन्द रहनेछ । दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनु भन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७७ साल पुष १५ गतेसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई दाखिल खारेज बन्द भएको मितिले ५ कार्य दिनभित्र शेयर नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने व्यहोरा अनुरोध छ ।